निर्णय पुस्तिका-                मितिः२०८०/०२/११                बैठक संख्याः २३

आज मिति २०८० साल जेष्ठ ११ गते विहिवारको दिन आमचोक गाँउपालिका अध्यक्ष श्री अशोक राईज्यूको अध्यक्षतामा वसेको गाउँकार्यपालिकाको वैठक देहाय बमोजिम सदस्यज्यूहरुको उपस्थितिमा देहायका प्रस्तावहरु माथि छलफल र निर्णय गरी सञ्चालन गरियो ।

**उपस्थिति**

| सि.न. | पद | नाम | हस्ताक्षर |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री अशोक राई | |
| २ | उपाध्यक्ष | श्री सीता राई | |
| ३ | सदस्य | श्री निम्नुरी शेर्पा | |
| ४ | सदस्य | श्री राम वहादुर खड्का | |
| ५ | सदस्य | श्री गोपाल राई | |
| ६ | सदस्य | श्री नेत्र बहादुर खत्री | |
| ७ | सदस्य | श्री राम प्रसाद राई | |
| ८ | सदस्य | श्री बम बहादुर बस्नेत | |
| ९ | सदस्य | श्री नविन राई | |
| १० | सदस्य | श्री सन्तोष राई | |
| ११ | सदस्य | श्री रोशन मगर | |
| १२ | सदस्य | श्री बालदिप राई | |
| १३ | सदस्य | श्री सुक माया राई | |
| १४ | सदस्य | श्री शान्ति राई | |
| १५ | सदस्य | श्री सुजता प्रधान | |
| १६ | सदस्य | श्री भवानी विष्ट | |
| १७ | सदस्य | श्री मञ्जु भुजेल | |
| १८ | सदस्य | श्री गोविन्द परियार | |
| १९ | सचिव | श्री धन कुमार राई | |
| २० | प्रशासन शाखा प्रमुख | श्री राजेश राई | |
| २१ | | | |

प्रमुख प्रशासकीय अधिकृत

अशोक राई
अध्यक्ष

**प्रस्तावहरुः**

१. कार्यपालिकाको निर्णयहरुको समिक्षा सम्वन्धमा
२. हात्तिपाइले खानेपानी योजनाको तेश्रो रनिङ्ग विल भुक्तानी सम्वन्धमा
३. चिया कफि प्रशोधन केन्द्रको पेश्की भुक्तानी सम्वन्धमा
४. सवारी साधन MAHINDRA SCORPIO PICK UP S10 4 WHEELER DOUBLE CAB खरीदको भुक्तानी सम्वन्धमा
५. सवारी साधन MAHINDRA SCORPIO PICK UP S10 4 WHEELER DOUBLE CAB PART FULFIL को रकम भुक्तानी सम्वन्धमा
६. स्यानीटरी प्याड खरीदको भुक्तानी सम्वन्धमा
७. योजनाहरुको म्याद थप सम्वन्धमा
८. लिलाम विक्रिको लागि सूचना प्रकाशन सम्वन्धमा
९. छौङ्खा साकेन्वाको दिन सार्वजनिक विदा दिने सम्वन्धमा
१०. सुरक्षा वेश यूँलाई सोलार व्याट्री र इन्भर्टर खरीद सम्वन्धमा
११. इलाका प्रहरी कार्यालय बालंखालाई कुर्सी उपलव्ध गराई दिने सम्वन्धमा
१२. आर्थिक आत्मा निर्भर कार्यक्रमको समूह तथा समूह सदस्यहरु छनौट सम्वन्धमा
१३. आर्थिक सहायता सम्वन्धमा

**निर्णयहरु**

**निर्णय नं. १**

प्रस्ताव नं.१ माथि छलफल भई यस आर्थिक वर्ष २०७९/८० कार्यपालिकाद्वारा गरिएको निर्णयहरुको कार्यन्वयनको विषयमा वृहत समिक्षा भई निर्णयको कार्यन्वयन सन्तोष जनक भएको र केहि निर्णयहरुको कार्यन्वयन हुन वाँकी रहेकोले यथाशाक्य चाँडो कार्यन्वयनमा जोड दिने ।

**निर्णय नं. २**

प्रस्ताव नं. २ माथि छलफल भई मिति २०७८/०२/२० मा ठेक्का नं: ARM/WORKS/NCB/04/2077-78 "HATTIPAILE KHANEPANI AAYOJANA MAIN LINE BISTAR TATHA DISTRIBUTION LINE AAMCHOWK-08" कार्यको लागि **आमचोक गाउँपालिकाको कार्यलय र गौतम शक्ति निर्माण सेवा** को बिच दुइ पक्षिय सम्झौता भइ काम भइरहेको हुदाँ निर्माण व्यवसायबाट तेश्रो रनिङ बिल भुक्तानि माग गरिएकोमा प्राविधिक प्रतिवेदन/हालसम्मको मुल्यांकन तयार गरि तपशिल अनुसारको भुक्तानि दिने ।

- सम्झौता रकमः रु. ३,४९,१२,५८६.८८ ( मु.अ. क बाहेक)
- तेस्रो रनिङ बिल बाट आएको रकमः रु. ६४,७५,७५०।-
- मु.अ.क (१३ %) : रु.८,४१,८४७।५०
- जम्मा रकम मु अ क सहितः रु ७३,१७,५९७।५०
- कन्टिनजेनसि (४%) : रु. २,९२,७०३।९०
- जम्मा खर्च रकमः रु. ७६,१०,३०१।४०
- पेश्कि कट्टि : रु. ४,००,०००।-
- धरौटि कट्टि रकम(५%) : रु. ३,२३,७८७।५०
- अग्रिम आय कर (१.५%) :रु ९७,१३६।२५
- अन्य कर : रु २,५२,५५४।२५
- भुक्तानि हुने रकम : रु. ६२,४४,११९।५-

**निर्णय नं. ३**

प्रस्ताव नं. ३ माथि छलफल भई मिती २०८०/०२/०२ मा IFB NO.: ARM/NCB/WORKS/02/2079-80 "CONSTRUCTION OF TEA FACTORY IN AAMCHOWK" कार्यको लागि आमचोक गाउँपालिकाको कार्यालय र अन लाईट बुईल्डर्स प्रा.लि काठमाण्डौ बिच सम्झौता भएको र स्पेसियल कन्डिसन अफ कन्ट्राक्ट को GCC 57.1 अनुसार सम्झौता रकम रु १,३९,४७,४०६।२६ ( अक्षेरूपी रु एक करोड उनन्चालिस लाख सढ्चालिस हजार चार सय छ रुपैया छब्बिस पैसा मात्र)को २०% रकम दुई किस्ता (पहिलो किस्ता १०% र दोस्रो किस्ता १०% ) गरेर दिने भनिएकोले उक्त निर्माण कम्पनी बाट पेश्की रकम माग गरी नबिल बैङ्क भोजपुर शाखा बाट रु २७,८०,०००।– (अक्षेरूपी रु सत्ताईस लाख असि हजार मात्र) को बैङ्क जमानत पत्र (पत्र नं 22CAPI8NPR000019) पेश गरेको हुदा तपशिल बमोजिम को पेश्की भुक्तानी दिने ।

- सम्झौता रकम : रु १,३९,४७,४०६।२६
- पेश्की जम्मा (२०%): रु २७,८९,४८१।२४
- हाल भुक्तानी गर्नु पर्ने रकम (१०%) : १३,९४,७४०।६२

प्रमुख प्रशासकीय अधिकृत

अध्यक्ष

**निर्णय नं. ४**

प्रस्ताव नं.४ माथि छलफल भई सवारी साधन MAHINDRA SCORPIO PICK UP S10 4 WHEELER DOUBLE CAB खरीद वापतको रु. ४९,९५,०००।– (अक्षेरूपी उनान्पचास लाख पन्चानब्बे हजार मात्र) (मु अ क सहित) रोयल अटो ईन्टरप्राईजेज बिराटनगरलाई भुक्तानी दिने ।

**निर्णय नं. ५**

प्रस्ताव नं.५ माथि छलफल भई आमचोक गाउँपालिकाको कार्यालयले खरीद गरी ल्याएको नयाँ सवारी साधन MAHINDRA SCORPIO PICK UP S10 4 WHEELER DOUBLE CAB PART FULFIL को अन्य सामाग्रीहरु थप गर्नुपर्ने भएकोले आवश्यक थप सामग्रीहरुको ईस्टिमेट तयार गरी यस कार्यालयमा स्वीकृत गराई यस कार्यालयको कायदिश तथा खरीद आदेश बमोजिम अटोब्याकस् ईटहरी ले आवश्यक सामाग्रीहरु जम्मा रकम रु ४,४९,३९९।– (अक्षेरूपी रु चार लाख उनान्पचास हजार तिन सय उनान्सय मात्र) बराबरको थप गरेको र उक्त अटोब्याकस ईटहरीबाट भुक्तानी माग भई आएको हुदा गाडिमा थप गरिएका सामाग्रीहरुको यस कार्यालयमा भएको दाखिला प्रतिबेदनका आधारमा मुल्य अभिवृद्धि करसहित जम्मा रकम रु ४,४९,३९९।– भुक्तानी दिने ।

**निर्णय नं. ६**

प्रस्ताव नं.६ माथि छलफल भई आमचोक गाउँपालिका भित्र सञ्चालनमा रहेका सामुदायिक विधालयमा अध्यनरत कक्षा ६ देखी १२ सम्मका छात्राहरुलाई स्यानिटरी प्याड सार्वजनिक खरीद नियमावली २०६४ को नियम ८५ (क) बमोजिम खरीद गर्नको लागि यस आमचोक गाउँपालिकाको खरिद समितीको २०८०/०१/१४ गतेको बैठकले रु ११,१२,०००।– (अक्षेरूपी रु एघार लाख बाह्र हजार मात्र) मध्ये बाट रु ९,९०,०००।– (अक्षेरूपी रु नौ लाख नब्बे हजार मात्र) बराबरको सेनिटरी प्याड खरीद गर्ने र रु १,२२,०००।– (अक्षेरूपि रु एक लाख बाईस हजार मात्र) बराबरको खरीद स्थान देखी यस गाउँपालिका र यस गाउँपालिका देखी माग गरेका बिधालयहरु सम्म ढुवानी गर्ने गरी सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८५ बमोजिम खरिद प्रकिया अगाडी बढाई यस कार्यालयले मिती २०८०/०१/२८ गते यस कार्यालयमा सुचिकृत फर्म तथा सप्लायर्स मध्येबाट श्री यसोधा फार्मा ट्रेडर्स-बिराटनगर,श्री मेदिसर्ग ट्रेडर्स-बिराटनगर,श्री हस्पिल्याब ट्रेडिङ्ग कम्पनी प्रा.लि-बिराटनगरलाई स्पेसिफिकेसन बमोजिमको दरभाउ पत्र पेश गर्न पत्राचार गरे वमोजिम उक्त फर्महरुले पेश गरेको स्पेसिफिकेसन तथा दरभाउपत्र अनुसार यस आमचोक गाउँपालिकाको कार्यालयको मुल्याङ्कन समितीको मिती २०८०/०२/०१ गतेको बैठकले यसोधा फार्मा ट्रेडर्स बिराटनगरको दरभाउ स्वीकृत गर्न सिफारिस गरी उक्त फर्मबाट पेश गरेको दरभाउ अनुसार सेनिटरी प्याड खरीद भई यस कार्यालयमा मुल्याङकन समिती बाट मुल्याङकन भई जिन्सी शाखामा दाखिला भईसकेको र उक्त फर्मबाट भुक्तानी माग भई आए वमोजिम १०४२० प्याकेट सेनिटरी प्याडको जम्मा रकम रु ९,८९,९००।– (अक्षेरूपी नौ लाख उनानब्बे हजार नौ सय मात्र) श्री यसोधा फार्मा बिराटनगर को नाममा भुक्तानी दिने ।

**निर्णय नं. ७**

प्रस्ताव नं.७ माथि छलफल भई तपशिल वमोजिमको योजनाहरुको सम्पन्न हुन नसक्ने कारण सहित म्याद थपको आवेदन प्राप्त भएकोले तपशिल वमोजिम म्याद थप गर्ने ।

| क्र.सं. | योजनाको नाम र ठेगाना | म्याद समाप्त भएको मिति | कार्य सम्पन्न हुन नसक्ने कारण | म्याद थप गरिएको समय |
|---|---|---|---|---|
| १ | भिमाचोक दाङ्खा छाप्माखोला सडक सर्वे तथा निर्माण आमचोक-२ | २०७९/१२/२० | स्काभेटर मेसिन समयमा उपलब्ध हुन नसकेको | २०८०/२/३२ |
| २ | हिटिखोला खानेपानि मर्मत आमचोक-२ | २०८०/०१/३० | आवश्यक पर्ने पाईपको साईज समयमा उपलब्ध नभएको | २०८०/२/३२ |
| ३ | छौटे खानेपानी कुवा निर्माण आमचोक-५ | २०७९/१२/१५ | दक्ष मिस्त्री समयमा नपाईएको | २०८०/२/३२ |

**निर्णय नं. ८**

प्रस्ताव नं.८ माथि छलफल भई आमचोक गाउँपालिकाको कार्यालय र वडा कार्यालयहरुको काम नलाग्ने किसिमको तपशिल वमोजिमको सामग्रीहरुको मुल्याङ्कन समितिद्वारा पेश भए वमोजिमको मुल्य निर्धारण कायम गरी [illegible] दिनको लिलाम विक्रिको लागि जिन्सी मालसामानको लिलाम बिक्री सम्बन्धी कार्यविधि २०७९ को दफा ८ को उपदफा (२) संग सम्बन्धित अनुसूची ५ बमोजिम सार्वजनिक सूचना प्रकाशन गर्ने ।

**तपशिलः**

| क्र.सं. | सम्पत्ती तथा मालसामानको नाम | मालसामानको स्पेसिफिकेसन | मालसामानको अवस्था | मूल्याङ्कन रकम (रु.) | कैफियत |
|---|---|---|---|---|---|
| १ | मनिटर | 18.5 inch led monitor | प्रयोग गर्न नमिल्ने र मर्मत नहुने | १००० | |
| २ | मनिटर | 18.5 inch led monitor | प्रयोग गर्न नमिल्ने र मर्मत नहुने | १००० | |
| ३ | ल्यापटप | HP Core i5 7th Gen pavilion TPN-i119, 8GB RAM, 1TB HDD | प्रयोग गर्न नमिल्ने र मर्मत नहुने | ८००० | |

प्रमुख प्रशासकीय अधिकृत 2080/2/11

अशोक राई अध्यक्ष 080/2/11

| क्र.सं. | सम्पत्ती तथा मालसामानको नाम | मालसामानको स्पेसिफिकेसन | मालसामानको अवस्था | मूल्याङ्कन रकम (रु.) | कैफियत |
|---|---|---|---|---|---|
| ४ | ल्यापटप | Intel core i5 Dell 8gen inspiron 15 3000 series, radeon graphics, 1TB HDD, 4GB RAM, 15.6" display | प्रयोग गर्न नमिल्ने र मर्मत नहुने | ७००० | |
| ५ | ल्यापटप | Intel core i5 Dell 7gen inspiron 15 3000 series, AMD inbuilt Graphics, 15.6" HD display | प्रयोग गर्न नमिल्ने र मर्मत नहुने | ७००० | |
| ६ | ल्यापटप | Intel core i5 Dell inspiron 15 3000 series, Model-inspiron 3221, 4 GB RAM | प्रयोग गर्न नमिल्ने र मर्मत नहुने | ५००० | |
| ७ | ल्यापटप | Intel core i5 8gen lenovo thickpad L480, 4GB RAM, 1TB HDD | प्रयोग गर्न नमिल्ने र मर्मत नहुने | ७००० | |
| ८ | ल्यापटप | Intel core i7 Dell 8gen inspiron 15 5000 series, 15.6" display, radeon graphics, 8GB RAM, 1TB HDD | प्रयोग गर्न नमिल्ने र मर्मत नहुने | ८००० | |
| ९ | ल्यापटप | Intel core i5 8gen-lenovo ideapad 110-151BR, 500 GB HDD | प्रयोग गर्न नमिल्ने र मर्मत नहुने | ५००० | |
| १० | ल्यापटप | Intel core i5 Dell inspiron 15 3000 series, Nvidia graphics, 500 GB HDD, 4GB RAM | प्रयोग गर्न नमिल्ने र मर्मत नहुने | ५५०० | |
| ११ | ल्यापटप | Intel core i3 Dell inspiron 15 3000 series, 500 GB HDD, 2GB RAM | प्रयोग गर्न नमिल्ने र मर्मत नहुने | ५५०० | |
| १२ | ल्यापटप | Dell Inspiron N5050 (n series) | प्रयोग गर्न नमिल्ने र मर्मत नहुने | ५००० | |
| १३ | प्रिन्टर | 2900-canon | प्रयोग गर्न नमिल्ने र मर्मत नहुने | १००० | |
| १४ | प्रिन्टर | Brother-DCP T310 | प्रयोग गर्न नमिल्ने र मर्मत नहुने | १२०० | |
| १५ | प्रिन्टर | Canon G2000 Color Printer | प्रयोग गर्न नमिल्ने र मर्मत नहुने | १५०० | |
| १६ | प्रिन्टर | Canon G2000 Color Printer | प्रयोग गर्न नमिल्ने र मर्मत नहुने | १५०० | |
| १७ | प्रिन्टर | Canon G2000 Color Printer | प्रयोग गर्न नमिल्ने र मर्मत नहुने | १५०० | |
| १८ | प्रिन्टर | Canon G2000 Color Printer | प्रयोग गर्न नमिल्ने र मर्मत नहुने | १५०० | |
| १९ | प्रिन्टर | Canon G2000 Color Printer | प्रयोग गर्न नमिल्ने र मर्मत नहुने | १५०० | |
| २० | प्रिन्टर | Canon MF 3010 | प्रयोग गर्न नमिल्ने र मर्मत नहुने | १५०० | |
| २१ | प्रिन्टर | MFC-L27100W | प्रयोग गर्न नमिल्ने र मर्मत नहुने | १८०० | |
| २२ | प्रिन्टर | RICOH SP 230SFNw | प्रयोग गर्न नमिल्ने र मर्मत नहुने | १८०० | |
| २३ | विपि सेट | | प्रयोग गर्न नमिल्ने र मर्मत नहुने | ५० | संख्याः१० |
| २४ | काठको टेवुल | | प्रयोग गर्न नमिल्ने र मर्मत नहुने | ८०० | संख्याः ४ |
| २५ | कुर्सि | रिभोल्विङ्ग,सादाकुर्सि | प्रयोग गर्न नमिल्ने र मर्मत नहुने | ५०० | संख्याः१० |
| **जम्मा रकम** | | | | ८११५०/- | |

**निर्णय नं. ९**

प्रस्ताव नं.९ माथि छलफल भई जन्तेढुङ्गा-४ डम्वर्खु शिवालय खोटाङ्गमा पुजा गरिने र आमचोक-४ वालंखा स्थित चण्डीडाँडामा धार्मिक मेला लाग्नेगरी वर्षको दुईपटक जेष्ठ महिनामा उभौली र मंसिर महिनामा उधौली पुजा गरिने सम्पूर्ण किराँत राई समूदायकै पुरानो र जेठो साकेन्वा मानिने ऐतिहाँसिक छौंखा साकेन्वा किराँत राईहरुको मात्र नभई यहाँका अन्य जातजाति र धर्मवलम्वीहरुको समेत आस्था र विश्वासको प्रतिकको रुपमा स्थापित भई धार्मिक पर्यटनको रुपमा विकास भईरहेको सन्दर्भमा यहि २०८० जेष्ठ २२ गते सोमवारका दिन उभौली साकेन्वा पुजा परेकोले सो दिन यस गाउँपालिका भित्रका सम्पूर्ण सरकारी कार्यालय तथा गैर सरकारी संघ संस्थाहरुलाई स्थानीय विदा दिने ।

प्रमुख प्रशासकीय अधिकृत 2080/2/11 अशोक राई अध्यक्ष 080/2/11

**निर्णय नं. १०**

प्रस्ताव नं.१० माथि छलफल भई सुरक्षा वेश क्याम्प यूँलाई 12 Y 100AM को २ थान सोलार व्याट्री र इन्भर्टर १ थान दरीद गरी दिने ।

**निर्णय नं. ११**

प्रस्ताव नं.११ माथि छलफल भई इलाका प्रहरी कार्यालय बालंखालाई सामुदायिक भवनमा प्रयोग भइरहेको १५ थान प्लास्टिक कुर्सी उपलव्ध गराई दिने ।

**निर्णय नं. १२**

प्रस्ताव नं.१२ माथि छलफल भई आर्थिक आत्मा निर्भर कार्यक्रमको लागि आमचोक १० घारे मौरी पालन तथा तरकारी उत्पादन कृषक समूह र सो समूहका तपशिल वमोजिमको सदस्यहरु छनौट गर्ने ।

तपशिल

| सि.नं. | नाम थर | ठेगाना | शैक्षिक योग्यता | हालको पेशा |
|---|---|---|---|---|
| १. | सुनिता राई | आमचोक -१० | एस. एल.सी. | कृषि |
| २. | लक्ष्मी राई | आमचोक-१० | साक्षर | कृषि |
| ३. | धनमाया राई | आमचोक- १० | साक्षर | कृषि |
| ४. | कौशिला राई | आमचोक-१० | साक्षर | कृषि |
| ५. | संतोषी राई | आमचोक- १० | साक्षर | कृषि |
| ६. | सुमित्रा वि.क. | आमचोक- १० | साक्षर | कृषि |
| ७. | फुलमाया राई | आमचोक- १० | साक्षर | कृषि |
| ८. | मनिकुमारी राई | आमचोक- १० | साक्षर | कृषि |
| ९. | शुकुन्दमाया राई | आमचोक- १० | साक्षर | कृषि |
| १०. | मैयाँमाया राई | आमचोक- १० | साक्षर | कृषि |
| ११ | कविता राई | आमचोक- १० | कक्षा-१० | कृषि |
| १२ | सुनिला राई | आमचोक- १० | साक्षर | कृषि |
| १३ | अनिता राई | आमचोक- १० | साक्षर | कृषि |
| १४ | सर्मिला वि.क. | आमचोक- १० | साक्षर | कृषि |
| १५ | कमला राई | आमचोक- १० | कक्षा-१० | कृषि |
| १६ | अन्जु मगर | आमचोक- १० | कक्षा १० | कृषि |
| १७ | समिक्षा मगर | आमचोक- १० | कक्षा-१० | कृषि |
| १८ | क्षमारानी राई | आमचोक- १० | साक्षर | कृषि |
| १९ | तारा राई | आमचोक- १० | साक्षर | कृषि |
| २० | रेनुका राई | आमचोक-१० | साक्षर | कृषि |

**निर्णय नं. १३**

प्रस्ताव नं.१३ माथि छलफल भई आमचोक १ निवासी अल्ट्रा धावक उमेश राईलाई मिति २०८०/२/१५ मा हुन गइरहेको अन्तराष्ट्रिय स्तरको तेन्जिङ हिलारी सगरमाथा म्याराथुनमा सहभागी हुनको लागि रु.४००००। (अक्षरुपी चालिसहजार मात्र) आर्थिक सहयाता उपलव्ध गराउने । साथै आमचोक ४ निवासी वल वहादुर विश्वकर्माको कोशी अस्पतालमा पेटमा पथरी र हर्निया भइ अप्रेशन भएको र आर्थिक अवस्था कम्जोड भएको वडाको सिफारिस र अन्य कागजातहरु प्राप्त भएकोले रु.१००००। (अक्षेरुपी दशहजार मात्र) आर्थिक सहायता उपलव्ध गराउने ।

प्रमुख प्रशासकीय अधिकृत २०८०/२/११

अशोक राई
अध्यक्ष
२०८०/२/११